# अपपठन (डिस्लेक्सिया) : पहिचान र व्यवस्थापन

# (Dyslexia : Identification And Management)

**महेश्वरप्रसाद उपाध्याय**

**सहप्राध्यापक, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर**

**लेखसार**

यस लेखमा "अपपठन" भन्ने गरिएको खास किसिमको सिकाइ अक्षमताको अवधारणा, अपपठित बालबालिकाको पहिचान, तिनले भोग्नु परेको सिकाइ समस्या तथा सोको व्यवस्थापनबारे चर्चा गरिएको छ । यसका साथै संसारमा अपपठनको शिकार भएर पनि आआफ्नो क्षेत्रमा विशिष्टता प्राप्त गरेका कतिपय लब्ध प्रतिष्ठित व्यक्तिहरूको नाम तथा हाम्रो सन्दर्भमा अपपठनबारे भए गरेका व्यवस्थाको पनि चर्चा गरिएको छ ।

**मुख्य शब्दावली (Key Words)**

अपपठन, ध्यानाभाव, सक्रियन बेथिति, सुस्तमनस्थिति, वैयक्तिक शिक्षण ।

## विषय प्रवेश

नेपालको प्रचलित ऐन कानुनले १६ वर्षमुनिका नेपालीहरूलाई बालबालिका मानेको छ । वि.सं.२०६८ को जनगणनाअनुसार यिनको सङ्ख्या झन्डै ४५ प्रतिशत छ । यीमध्ये झन्डै आधाजसो बाल बालिका विद्यालय जाने गर्दछन् । विद्यालय जानेहरू मध्ये मेधावी, औसतहरूको साङ्ख्यिकीय अवस्थाबारेको अध्ययन हामीकहाँ भएको पाइन्न । तर यथार्थ के छ भने हाम्रो कक्षामा भुसकोल विद्यार्थीहरूको उपस्थिति पनि बाक्लै छ । जनसामान्यले भुसकोल विद्यार्थी भन्ने गरेका यिनीहरू शिक्षाविद् र मनोवैज्ञानिकहरूको भाषामा सिकाइमा समस्या भएका विद्यार्थी भनिन्छन् । सिकाइ समस्या विभिन्न थरिका हुने गर्दछन् । तीमध्ये एक थरी समस्या हो – लेख्न पढ्न सकस हुने समस्या । लेखाइ बोलाइमा हुने खास किसिमको समस्यालाई अपपठन (Dyslexia) भनिन्छ । पूर्वप्राथमिक र प्राथमिक कक्षामा पढाउने शिक्षक शिक्षिकाहरूले यस्तो प्रकृतिका विद्यार्थीहरू प्रशस्तै बेहोर्नु पर्दछ र यस्ता विद्यार्थीलाई हामी प्रायशः भुसकोल विद्यार्थी भनेर पन्छाइदिने गर्दछौं र आफू पनि सजिलै आफ्नो दायित्वबाट पन्छने गर्दछौं । यसरी पन्छिने र पन्छाउने गर्नाले विद्यालय शिक्षामा विद्यालय छाड्नेको परिमाण बढ्दै गएको त छ नै, साथै तिनका लागि आफ्नो सुन्दर र बहुमूल्य जीवन बोझ ठान्नु पर्ने स्थिति उत्पन्न भएको कटु यथार्थ हाम्रो सामुन्ने छ । यस प्रबन्धमा यही समस्यालाई सम्बोधन गर्ने उद्देश्यले अपपठनको चर्चा, यसको पहिचान र यसको समुचित व्यवस्थापनबारे चर्चा गर्ने प्रयास गरिएको छ ।



## परिचय

लेखपढ गर्न शारीरिक भन्दा पनि मानसिक रूपले अप्ठ्यारो अनुभव हुने वा गरिने अवस्थालाई शिक्षाविद् र मनोवैज्ञानिकका भाषामा अपपठन (Dyslexia) भन्ने गरिन्छ । अपपठन बालबालिकालाई सामान्यतः शब्द वा अक्षर समूह पढन, लेख्न र बोल्न कठिनाइ हुने अवस्था हो । ग्रिसेली शब्दहरू Dys (अर्थ : bad, नराम्रो) र Lexis (अर्थः word, शब्द मिली Dyslexia शब्द बनेको हो र यसको शाब्दिक अर्थ खराब शब्द हुन जान्छ । अर्थात् बोल्न, लेख्न र पढन कठिनाइ भएकोले शब्दको सम्प्रेषण(बुझाइ) अनुपयुक्त (खराब, नराम्रो) भयो भन्ने अर्थमा यसलाई बुझ्ने गरिन्छ । अपपठन डिस्लेक्सिया (Dyslexia)को नेपाली रूपान्तर हो । हुन त कतिपयले **डिस्लेक्सिया** नै पनि प्रयोग गर्ने गरेको पाइन्छ । यस्तो समस्यालाई **शब्दान्ध** (Word Blindness) पनि भन्ने गरिएको पाइन्छ । बालबालिकामा देखिने यस्तो लक्षण सबभन्दा पहिले सन् १८८१ मा जर्मनेली चिकित्सक ओस्वाल्ड बर्खान (Oswald Berkhan) ले पहिचान गरे र जर्मनेली आँखा विशेषज्ञ रुडोल्फ बर्लिन

(Rudolf Berlin) ले सन् १८८७ मा Dyslexia भनी यसको  न्वारान गरे र बेलायती चिकित्साशास्त्री प्रिङ्गल मोर्गन (W.Pringle Morgan) ले सन् १८९६ मा बेलायतको एउटा स्वास्थ्य जर्नलमा यसबारे एउटा विस्तृत अनुसन्धानात्मक प्रबन्ध प्रकाशित गरे । त्यसपछि यसका बारेमा निरन्तर चर्चा भइरहेकै छ तथापि शिक्षाको क्षेत्रमा भने यसले बिसौं शताब्दीको साठीको दसकतिर मात्र यसले शिक्षाविद्हरूको ध्यान आकृष्ट गर्न सक्यो ।

## पहिचान

विद्यालयमा पढ्न बालबालिकाहरू विभिन्न प्रकृतिका हुने गर्छन् । कोही सिकाएको कुरो भन्नै नपाई टिपी सक्दछन् भने कोही दुई चार पटकभन्दा बुझाउँदा पनि टिप्न सक्दैनन् । धेरैजसो औसत स्तरका हुन्छन् अर्थात् एकदुई पटकमै कुरो टिप्न सक्दछन् । शिक्षकका लागि सबै विद्यार्थीको समुचित सिकाइ सरोकारको विषय बन्नुपर्दछ । कमजोर शैक्षिक स्तरका विद्यार्थी झन बढी सरोकारको विषय बन्नु पर्दछ । अपपठित विद्यार्थी कक्षाका झन बढी ध्यान दिइनु पर्ने विद्यार्थी हुन । त्यसैले यस्ता बाल बालिकाहरूको पहिचान बेलैमा हुन सकेन भने सिकाइ प्रभावकारी हुन नसक्ने भन्नेमात्र होइन, त्यस्ता विद्यार्थी, विद्यालय, समाज र परिवारका लागि समस्या बनिदिने हुन्छन् ।

अपपठित विद्यार्थीहरूमा पाइने सामान्य लक्षणहरू निम्न छन् : लेख्ने कलम वा पेन्सिल अप्ठ्यारो गरी समाउने, लेखेको अक्षर बाङ्गोटिङ्गो हुने, सिधा डिको दिन नजान्ने वा दिइएको डिको छडके बन्ने, शब्दको उच्चारणमा कठिनाइ हुने, तिन वा सोभन्दा बढी वर्णको शब्द लेख्दा बिचको वा अन्तिम वर्ण नलेख्ने वा शब्दमा पछिल्ला वर्णको क्रम अगाडिपछाडि वा उल्टोपाल्टो पारिदिने, देवनागरी लेखोटमा ह्रस्व दीर्घ ( ि, ी ), उकारहरू ( ु, ू ), एकलखे र लखकानु ( े , ो ), दोलखे र दोलखकानु ( ै , ौ ) मा अलमल, **नेपाल** लेख्दा **नोपाल** लेख्नु र **नोपाल**लाई **नेपाल** पढनु, अङ्ग्रेजी अक्षर लेख्दा सानो वर्ण र ठुलो वर्ण मिसमास पारेर लेख्नु, उस्तै आकारका वर्णहरू, जस्तै : b र d, p र q , m र w, i र j, u र v,a ,e र c आदि  लेख्दा बोल्दा  झुक्किनु वा अलमलमा पर्नु , गणितमा मिल्दो आकारका अङ्क लेख्दा झुक्किने जस्तै : ३ र ६, 6 र 9 आदि । सङ्ख्या १२ लेख्दा २१ लेखिदिने वा २१ लाई १२ पढिदिने, **कमल**लाई **मकल** लेख्ने वा पढिदिने जस्ता कुराहरू तिनका लागि सामान्य हो । अपपठित बालबालिकाहरू प्रायशः गणितमा कमजोर हुने गरेको पाइएको छ ।

अपपठित विद्यार्थीहरूका अन्य लक्षणहरूमा पढदाखेरि आवाज निकालेर पढ्ने, मनमनै पढ्न कठिनाइ हुने, अरूको आवाजले आफ्नो पढाइमा ध्यान केन्द्रित गर्न नसक्ने, जुत्ताको फित्ता बाँध्न नसक्ने, दाहिनेदेब्रे छुट्याउन अलमल हुने, दिशा (पूर्व, पश्चिम, उत्तर, दक्षिण, दायाँबायाँ आदि) छुट्याउन अलमल हुने, सुई घुम्ने घडी हेरेर समय भन्न अलमल हुने, जुत्तामा फित्ता लाउन नसक्ने आदि हुन् ।

## अपपठनका कारण (Causes of Dyslexia)

विद्यार्थीमा यस्तो समस्या देखिनुको कारण वंशानुगत र हर्मोनको प्रभाव मानिएको पाइन्छ । चिकित्सा विज्ञानी दृष्टिकोणमा यसलाई स्नायवीय पीडा (Neurological Ailment) भन्ने गरिन्छ । मष्तिष्कको सानो बेथितिका कारण बालबालिकामा यस्तो समस्या देखा पर्दछ । शिशु गर्भस्थ रहँदै आमाको गर्भावस्थाको कुनै समस्याका कारण तथा ढिलो प्रसवका कारण यो समस्या हुनसक्ने चिकित्सा विज्ञानको ठहर  रहेको पाइन्छ । यो समस्या मानव सिर्जित नभएर प्राकृतिक र जन्मजात समस्या हो । तर कतिपय मानिसमा कुनै दुर्घटनाका कारणपछि पनि यस्तो समस्या देखा पर्न सक्दछ ।

## प्रख्यात अपपठितहरू (Famous Dyslexics)

अपपठनबारे अध्ययन अनुसन्धान गरिरहेका शिक्षाविद्हरूको भनाइअनुसार अपपठन कुनै समस्या होइन । यसलाई बेलैमा पहिचान गरी समुचित सम्बोधन गर्न सकिएको खण्डमा अपपठित व्यक्तिले आफ्नो रुचिको क्षेत्रमा राम्रो सफलता हासिल गर्न सक्दछन् । समुचित मायाममता तथा उचित प्रणालीबाट शिक्षण सिकाइ हुन सक्दा यस्ता समस्याबाट पीडित कतिपय व्यक्तिहरूले आआफ्ना क्षेत्रमा विशिष्टता हासिल गरेका पनि छन् ।

वैज्ञानिकहरू एलेक्जेन्डर ग्राहम बेल, पियरे क्युरी, अल्वर्ट आइन्स्टाइन, थोमस आल्वा एडिसन, माइकेल फाराडे आदि, चलचित्र कलाकार र निर्माताहरू ह्यारी एन्डरसन, जिम क्यारी, ओलिभर रिड, वाल्ट डिस्ने, रबर्ट बेन्टन, ऋषि कपुर, अभिषेक बच्चन आदि, कलाकार र वास्तुविदहरूमा अगस्ट रुदिन, पाब्लो पिकासो, लियोनार्दो दा भिन्सि, डेभिड बेली, उद्योगपति र व्यापारीहरूमा हेनरी फोर्ड, रबर्ट उडरफ आदि, एथलेटहरूमा मुहम्मद अली, मेरिल डेभिस आदि, राजनीतिज्ञहरूमा एण्ड्र्यु ज्याक्सन, कार्ल गुस्ताभ, विड्रयु विलसन, विन्स्टन चर्चिल, जर्ज वासिङ्टन आदि, दोस्रो विश्वयुद्धका सेनापति जर्ज प्याटन, साहित्यकारहरूमा हान्स क्रिश्चियन एन्डरसन, अगाथा क्रिस्टी, गुस्ताभ फ्लाउवर्ट, फिलिप सुल्ज, विलियम बटलर यिट्स, स्टिफन क्यानेल आदि, सङ्गीतकार जोन लेनन, चिकित्सा शास्त्री हार्वे कुसिङ, फ्रेड इप्सतेइन आदि आआफ्ना क्षेत्रका अग्रणी व्यक्तित्वहरू हुन् । यस समस्याबाट महिला र पुरुष दुवैथरी समान रूपले पीडित हुने गरेको पाइन्छ र संसारको जुनसुकै भूगोलमा पनि यसको व्याप्ति रहेको पाइन्छ ।

## अपपठन, ध्यानाभाव अति सकृयन बेथिति र सुस्त मनस्थिति (Dyslexia, Attention Deficit Hyperactive Disorder and Mental Retardation)

सामान्यतः शिक्षाशास्त्रीहरू अपपठन (Dyslexia), ध्यानाभाव अति सक्रियन बेथिति (Attention Deficit Hyperactive Disorder,ADHD) र सुस्त मनस्थिति (Mental Retardation) लाई एउटै श्रेणीमा राख्ने गर्दछन् । तर अपपठन प्रचलित अर्थको सुस्त मनस्थितिभन्दा पृथक किसिमको समस्या हो । अपपठन र ध्यानाभाव अति सक्रियन बेथितिमा धेरै समानता रहेको भए तापनि सुस्त मनस्थितिको जस्तो मस्तिष्कको निष्क्रियता, शिथिलता र सुस्तता हुँदैन । ध्यानाभाव भनेको कुनै कुरामा मष्तिष्कको केन्द्रीकरण नहुनु हो । एउटै कुरामा धेरै बेरसम्म ध्यान दिन सक्दैनन् यिनीहरू, चुलबुले स्वभावका हुन्छन् । त्यसैले यस्ता प्रकृतिका बालबालिकालाई सुस्त कोटीमा वर्गीकरण गरिदिंदा यिनले आफ्नो अवमूल्यन भएको ठान्ने गर्दछन् । फलतः व्यवहारमा सिकाइ समस्या झन बढेर गएको देखिएको छ । साथै त्यसले तिनमा निराशा, चिन्ता र आक्रोश बढाएको छ । अपपठितहरूबारे विशिष्ट अध्ययन गरेका अमेरिकी विद्वान् डाक्टरहरू ल्यारी सिल्भर (Larry B. Silver) र अब्राहम स्किट्ट (Dr. Abraham Schitt) यस्तो बालकहरूलाई क्रमशः **अन्यथा बुझिएको बालक** (Misunderstood Child) र **होनहार बदमास** (Brilliant Idiot) भन्न रुचाउँछन् तर आम शिक्षाविद्हरू चाहिँ यसलाई सिकाइ अक्षमतायुक्त बालक (Child with learning disability, LD-child) भन्ने गर्दछन् तथापि यो अक्षमता भनी अवमूल्यन गर्नुभन्दा पृथक विधिद्वारा सिक्न चाहने बालक (Child Learning differently, LD-child) भन्नु जाती हुने शैक्षिक अभियन्ताहरू (Educational Activists) को ठम्याइ रहेको पाइन्छ । यस्ता बालकहरूसँग जिज्ञासाहरूको सगरमाथा र कौतुहलताको समुद्र नै हुन्छ तर यिनका जिज्ञासु प्रश्नहरू सिलसिलेवार रूपले प्रकट हुँदैनन्, बरु एकदम छिटो एउटा सन्दर्भबाट अर्कोमा फड्को मारिहाल्दछन् । पढ्दाखेरि पनि यिनीहरू अक्षर फडकेर पढ्ने गर्दछन् । यिनीहरू बोलक्कड (talkative) पनि हुन्छन् ।

अपपठन र ध्यानाभाव अति सक्रियन बेथितिमा धेरै कुराहरू मिल्दाजुल्दा हुन्छन् । अध्ययन अनुसन्धानले के देखाएको छ भने १५ प्रतिशत अपपठितहरू ध्यानाभाव अति सक्रियन बेथितिबाट पनि पीडित हुन्छन् भने ध्यानाभाव अति सक्रियन बेथितिबाट ग्रसित भएकाहरूमध्ये ३५ प्रतिशतहरू अपपठित हुने गरेको पाइएको छ । राम्ररी पढन नसक्ने तथा कुनै कुरामा एकलव्य ध्यान केन्द्रित गर्न नसक्ने भएता पनि उचित किसिमको शैक्षिक वातावरण र शिक्षा दीक्षा हुनसक्दा यिनीहरू पनि पछि आफ्नो क्षेत्रका अब्बल र उम्दा प्रतिभाका रूपमा प्रस्फुटित हुनसक्ने सम्बद्ध क्षेत्रका विशिष्ट विद्वान्हरूको भनाइ रहेको पाइन्छ । शारीरिक रूपमा यी अन्य सबलाङ्गहरू झैं सामान्य र चुस्त दुरुस्त देखिन्छन् तर अक्षमता वा अपाङ्गता लुप्त रूपमा रहेको हुन्छ । त्यसैले सम्बद्ध विद्वान्हरू यस्तो समस्यालाई अदृश्य अपाङ्गता (Invisible handicap) वा लुप्त अक्षमता (Hidden disability) भन्ने गर्दछन् । यिनीहरूको मस्तिष्क अति क्रियाशील (hyper active) हुन्छ र क्षणभर पनि एउटा स्थितिमा यिनलाई केन्द्रित पारी रहन गाह्रो हुन्छ ।

## अपपठनको व्यवस्थापन (Management of Dyslexia) :

अपपठनको व्यवस्थापन भन्नाले अपपठित विद्यार्थीहरूको समुचित शिक्षाको व्यवस्था हो । अपपठनबारे उन्नाइसौँ शताब्दीको उत्तरार्धमा जानकारी पाइएको भएता पनि झन्डै नब्बे वर्षसम्म यस दिशामा कुनै उल्लेखनीय काम कुरो हुन सकेको पाइँदैन । अमेरिकामा बिसौं शताब्दीको साठीको दशकमा अपपठनलाई एउटा विशेष समस्याका रूपमा बोध गरियो । अनुसन्धानले अमेरिकामा अपपठितहरूको सङ्ख्या २ देखि १० प्रतिशत रहेको देखायो । अमेरिकी सरकारद्वारा ई.१९६९ मा एउटा कानुन निर्माण गरी तिनका लागि विशेष शिक्षाको व्यवस्था गरियो । पश्चिमी जगतमा बिसौं शताब्दीको असीको दसकमा र भारतमा नब्बेको दसकमा यसले चर्चा पायो । भारतमा अपपठितहरूको सङ्ख्या ५ देखि १२ प्रतिशतसम्म रहेको हुनसक्ने प्रारम्भिक अनुमान रहेको पाइन्छ । सामान्यतः संसारमा ३ देखि ७ प्रतिशत मानिसहरूलाई अपपठनले माया गरेको भन्ने गरिएको पाइन्छ । अहिले संसारका विभिन्न देशहरूमा अपपठितका शिक्षाबारे केन्द्रित विभिन्न संस्थाहरू क्रियाशील छन् । अमेरिका, बेलायत, अस्ट्रेलिया, सिङ्गापुरलगायत विभिन्न देशहरूमा अपपठन सम्बन्धी विभिन्न सङ्घ सङगठनहरू रहेका छन् । डेभिस डिस्लेक्सिया एसोसिएसन इन्टरनेसनल (Davis Dyslexia Association International) अपपठनसम्बन्धी काममा समर्पित एउटा व्यवसायिक संस्था हो । यसको वेभसाइटमा अपपठनसम्बन्धी विभिन्न सामग्रीहरू उपलब्ध छन् । भारतमा पनि एजुकेयर (Educare), चाइल्ड रिच (Child Reach), मनुप्रेम, सेपलिङ्गजस्ता सेवामुखी स्वयम्सेवी संस्थाहरू यस क्षेत्रमा कार्यरत छन् । त्यहाँ दर्जनौं वैकल्पिक विद्यालयहरू पनि खुलेका छन् । भारतेली अभिनेता तथा चलचित्र निर्माता आमिर खानले यस समस्यालाई केन्द्रमा राखेर जनसरोकारको विषय बनाउँदै सबैको ध्यान आकृष्ट गर्न 'हरेक बालक विशिष्ट हुन्छ' (Every child is special) को नारा सहित **तारे जमिन पर** हिन्दी नामक हिन्दी चलचित्र नै निर्माण गरे । त्यो चलचित्र दर्शकहरूले निकै रुचाए पनि किनकि धेरैका घरमा यस्तो समस्या हुन सक्दछ । शिक्षणलाई आफ्नो मूल पेसा बनाएकाहरूले त हेर्नै पर्ने चलचित्र हो त्यो ।

अपपठितहरूको पहिचान पूर्वप्राथमिक र प्राथमिक कक्षामा नै हुन सक्दछ । माथि उल्लेख गरिएका लक्षणहरू विद्यार्थीमा देखिएमा त्यस्ता विद्यार्थीलाई शिक्षकले विशेष ध्यान दिएर अवलोकनमा राख्नु आवश्यक हुन्छ । लामो र सतत अवलोकनका क्रममा पनि विद्यार्थीमा त्यस्तो समस्या देखिइरहेमा तिनका आमाबुबा र अभिभावकसँग त्यस्तो समस्याबारे छलफल गरिनु वाञ्छनीय हुन्छ ,सम्भव हुन सकेमा सम्बद्ध विषयका चिकित्सक वा मनोचिकित्सकसँग पनि परामर्श लिनु उचित हुन्छ । बेलैमा यस्ता समस्याहरूलाई सम्बोधन गरिएन भने यसले विद्यार्थीमा अवसाद, निराशा, कुण्ठा र वितृष्णा जगाउँदछ, तिनले आत्मविश्वास गुमाउँदै जान्छन् र पढाइबाट मोहभङ्ग भएर ती बिस्तारै खराब बानीतिर लहसिँदै जान्छन् । त्यसैले तिनका लागि अर्थपूर्ण पढाइ र निरन्तर हौसलाको आवश्यकता पर्दछ । सम्बद्ध शिक्षक, आमाबाबु र अभिभावकमा प्रशस्त धैर्य र सहनशीलताको आवश्यकता पर्दछ । अपपठनको स्तर व्यक्तिपिच्छे भिन्नभिन्न हुन सक्दछ । त्यसैले यस्ता विद्यार्थीहरूको समस्या निदानका लागि कुनै खास शिक्षण विधि उपयोगी हुन्छ भन्नुभन्दा पनि समस्याको प्रकृतिअनुसार आवश्यकता अनुसारको वैयक्तिक शिक्षण विधिहरू (Individualized Instruction Method) व्यक्ति विद्यार्थीको अनुकुलताका आधारमा अवलम्बन गरिनु पर्दछ । यिनीहरूलाई माया स्नेहका साथ पढाइनु पर्दछ । हकार्दा वा ठुलो स्वरमा कराउँदा यिनीहरूमा नकारात्मक असर पर्दछ, डराएर आत्तिएर मनमा आएको कुरो पनि बिर्सन्छन् वा भन्न सक्दैनन् र त्यस्ता शिक्षक वा आमाबाबुका अगाडि पर्न पनि चाँहदैनन् ।

अपपठन जन्मजात र वंशानुगत समस्या भएकाले यसको पूर्ण निदान नहुन पनि सक्छ तर उपयुक्त किसिमले सम्बोधन गरियो भने सिकाइमा केही सहजीकरण गर्न सकिन्छ । यिनीहरू असामान्य बालक (abnormal child) त हुन् तर उपचार नै हुन नसक्ने असामान्य भने होइनन् । बौद्धिक जाँचसम्बन्धी लामो अनुभव सँगालेका अल्फ्रेड बिनेटले असामान्यता उपचार गर्न सकिने समस्या हो भनी मानेका छन् । जुनै विषय पनि जुनसुकै तहको विद्यार्थीलाई प्रभावकारी तरिकाले सिकाउन सकिन्छ भन्ने अनुभव रहेको छ मनोविद जेरोम ब्रुनरको । बौद्धिक सिकाइका लागि उपयुक्त तरिकाले योजना बनाइयो भने बालकले राम्ररी सिक्न सक्दछ भन्ने कुरामा शिक्षाशास्त्री स्केम्प पनि विश्वस्त रहेका पाइन्छन् । भिगोत्स्कीको टेको दिने (स्काफोल्डिङ - Scaffolding)

सिद्धान्त पनि यस्ता असामान्य बालकहरूका लागि उपयोगी हुन सक्दछ । वैयक्तिक शिक्षणबाहेक समूह शिक्षणमा सहकारी शिक्षण (co-operative teaching) र सहपाठी शिक्षण (peer teaching) पनि यिनीहरूका लागि उपयोगी विधि हुन सक्दछ ।

## नेपालमा अपपठन व्यवस्थापन बारेका प्रयासहरु (Attempts of managing dyslexia in Nepal)

नेपालमा अहिलेसम्म अपपठन समस्याले सम्बद्ध पक्षको ध्यान आकृष्ट गरेको छैन । कोही अपपठनबाट पीडित छ भने पनि  व्यक्तिगत रूपमा कतै त्यस्तो संस्थासम्म पहुँच पुग्न सकेको अवस्थामा बाहेक कुण्ठित भएर रहनु परेको स्थिति छ । सुस्त मनस्थिति तथा अन्धअपाङ्गहरूका लागि, लाटा बहिराका लागि केही सङ्घसंस्थाहरू खुलेका छन्, विद्यालयहरू पनि खुलेका छन् ,केही गैरसरकारी संस्थाहरू पनि क्रियाशील छन् तर अपपठितहरूका लागि लक्षित हुने गरी कुनै सरकारी–गैरसरकारी संस्थाहरू नरहेकाले लाखौं बालबालिकाहरू आफ्नो शैक्षिक अधिकारबाट बञ्चित हुन वाध्य भइरहेका छन्, कुलत कुसंस्कारतिर धकेलिन बाध्य भइरहेका छन् ।

केही वर्ष पहिले काठमाडौंमा अपपठितहरूका लागि रोहिणी लर्निङ सेन्टर (Rohini Learning Centre) नामक व्यवसायिक प्रकृतिको एउटा निजी शिक्षण केन्द्र पनि चलाइएको थियो । तर अहिले यो संस्था अस्तित्वमा रहेको पाईंदैन ।

हाल त्रिभुवन विश्व विद्यालयको शिक्षाशास्त्र संकायले स्नातकोत्तर र स्नातक तहमा विशेष शिक्षा (Special Education) नामक विषयको पठनपाठन थालेको छ । यस विषयले विभिन्न खाले सिकाइ समस्या भएका विद्यार्थीहरूको पठनपाठनलाई कसरी प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने बारे अध्ययन गराउँदछ ।

## उपसंहार (Conclusion)

नेपालमा प्राथमिक शिक्षामा अरबौंको लगानी छ । दातृ राष्ट्रहरूले पनि प्रशस्त सहयोग गरेका छन् । सहयोग गरिएको रकम खर्च गर्न नसकेर फिर्ता पनि गएको भन्ने सुनिन्छ तर लगानीको क्षेत्रहरूको पहिचानका अभावमा तथा तन्मयताका साथ यसमा लाग्ने शैक्षिक अभियन्ताका अभावमा अपपठन अपरिचित र उपेक्षित नै रहेको छ । आउँदा दिनहरूमा यस क्षेत्रमा संलग्न भएका सङ्घसंस्थाहरू, शिक्षाशास्त्रीहरू र शिक्षकहरूको ध्यान आकृष्ट हुन सक्दा पनि ढिलै भए पनि यस क्षेत्रमा केही कार्य हुन सक्थ्यो होला । शिक्षकहरूले पनि यस समस्याप्रति थोरे मात्रै पनि चासो लिइदिएर बालमैत्री सिकाइ नीति अख्तियार गरिदिंदा विद्यार्थीहरू सिकाइमा उत्प्रेरित हुन सक्थे । शिक्षालाई नागरिकको नैसर्गिक अधिकार मान्ने राज्यले पनि यस दिशातर्फ ठोस कदम चाल्नु अपेक्षित छ ।

## सन्दर्भ सामग्री (Reference Materials)

उपाध्याय, महेश्वर प्रसाद,  (२०११), **अपपठित विद्यार्थीहरुको गणित सिकाइ समस्या, म्याथेम्याटिक्स एजुकेसन फोरम**, वर्ष २९, जर्नल, काठमाडौँ : नेपाल, गणित शिक्षा परिषद, पृ. ५६–६० : ।

त्रिपाठी, सलिल, (१९९०), **बुद्धिमानों की बिमारी, इण्डिया टु डे**, दिल्ली, भारत : (हिन्दी पाक्षिक पत्रिका), पृ.७१–७२  ।

Brocure, Dyslexia, New Delhi, India, Educare.

Author Not Mentioned, (Not Mentioned), Questions Often Asked About  Dyslexia, Kathmandu, Nepal, Rohini Learning Centre,

Dyslexia-Wikipedia, The Free Encyclopedia.

Dyslexia.dyslexia.com/famous.htm